नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर

# प्रश्न निर्माण सीप विकासका लागि
# हाते पुस्तिका
## विषय : विज्ञान तथा प्रविधि
## कक्षा : ८, १० र १२

**June, 2025**

**Users/Readers are requested to review this draft assessment framework and provide their valuable comments and suggestions.**

**National Examinations Board**

# प्राक्कथन

राष्ट्रिय परीक्षा बोर्डले स्तरीकृत परीक्षा सञ्चालन गर्ने उद्देश्यले हाल कक्षा ८ र १० मा विज्ञान (Science and Technology), गणित (Mathematics) र अङ्ग्रेजी (English) तथा कक्षा १२ मा रसायनशास्त्र (Chemistry), भौतिकशास्त्र (Physics) र जीव विज्ञान (Biology) विषयको तालिमसम्बन्धी हातेपुस्तिका विकास गरेको छ । यो हातेपुस्तिकाले प्रश्न निर्माणकर्ता र शिक्षकहरूलाई स्तरीय परीक्षण वस्तुहरू विकास गर्ने र आधारभूत तहको (BLE), परीक्षा र माध्यमिक शिक्षा परीक्षालाई क्रमशः स्तरीकृत, थप विश्वसनीय, वैध बनाउने र अन्तरस्थानीय स्तरमा तुलनात्मक बनाउने ढाँचा उपलब्ध गराइनेछ ।

परीक्षणको स्तरीकरणमा प्रश्न विकास (Item developmet) पहिलो चरण हो, जुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MoEST) द्वारा अनुमोदित तथा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले निर्माण गरेको कक्षा ८ को मूल्याङ्कन परीक्षण प्रारुपमा आधारित छ । उक्त परीक्षण प्रारुप निर्माणमा आधारभुत तहको पाठ्यक्रम र विस्तृतीकरण तालिकालाई (CDC, 2021) समेत आधार मानेर तयार गरिएको छ । पाठ्यक्रममा उल्लेखित विशिष्टीकरण तालिका अनुसार प्रश्नहरू (Items) विकसित गरिएका छन् । साथै प्रश्नहरू (Items) का ढाँचा र संज्ञानात्मक स्तर पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएअनुसार विकास गरिएका छन् ।

यस हातेपुस्तिकमा आधारभुत तह कक्षा ८ को विज्ञान र प्रविधि विषयअन्तर्गतका नमूनाप्रश्नहरू, माध्यमिक तहको कक्षा १० र कक्षा १२ को रसायनशास्त्र, भौतिकशास्त्र र जीवविज्ञान विषयमा प्रस्तुत गरिएका छन् । यसमा राखिएका प्रश्नहरूले कक्षा ८, १० र १२ का उल्लेखित विषयहरूको लागि नमूनाप्रश्नको रुपमा प्रतिनिधत्व गर्दछन् । यी कक्षाहरूको लागि नमूनाप्रश्नको निर्माण गर्ने कममा, विषयवस्तु, प्रश्न ढाँचा र तिनीहरूको संज्ञानात्मक स्तरहरू समेट्ने प्रयास गरिएको छ । नमुनाको रुपमा निर्माण गरिएका प्रत्येक प्रश्नमा निम्न विशेषताहरू समावेश गरिएका छन् ।

- बिषयबस्तु - एकाइ, सिकाइ उपलब्धि
- प्रश्नको उद्देश्य (सिकाइ उपलब्धि अनुरूप)
- प्रश्न ढाँचाको विवरण
- प्रश्नले मूल्याङ्कन गर्ने संज्ञानात्मक तहको उद्देश्य विवरण

यस हातेपुस्तिकामा, पाठ्यक्रम विकास केन्द्रले जारी गरेको विशिष्टीकरण तालिका अनुसारका प्रश्न ढाँचाको विवरण दिइएको छ । संज्ञानात्मक तहको उदाहरणसहित व्याख्या र र त्यसपछि कक्षा ८, १० र १२ को नमूना प्रश्नहरूको संज्ञानात्मक स्तरहरूको विवरण दिइएको छ ।

यो हातेपुस्तिका श्री हरिप्रसाद रेग्मी, श्री मोहन पौडेल (पि.एच.डी), श्री मीना श्रेष्ठ र श्री दिपक काफ्लेको विज्ञ टोलीले तयार गरेको हो । यस हातेपुस्तिका विकास गर्नको लागि समग्ररुपमा व्यवस्थापकीय पक्षको समन्वय राष्ट्रिय परीक्षा बोर्डका सदस्य सचिव श्री जंग बहादुर अर्याल, प्राविधिक संयोजन प्रा. डा. गणेश बहादुर सिंह र प्रशासनिक संयोजन राष्ट्रिय परीक्षा बोर्डका उपनियन्त्रक श्री सुबाश पन्तले गर्नुभएको हो । यस हातेपुस्तिकालाई यस आकारमा ल्याउनको लागि यस टोलीको अविछिन्न परिश्रम तथा रचनात्मक सुझावहरूको लागि समीक्षकहरूलाई धन्यवाद दिन चाहन्छु ।

यसको सुधारका लागि यस पुस्तिकाका प्रयोगकर्ता र कार्यान्वयनकर्ताहरूबाट रचनात्मक सल्लाह र सुझावको अपेक्षा पनि गर्दछु ।

धन्यवाद ।

महाश्रम शर्मा, पि. एच. डि.
अध्यक्ष
राष्ट्रिय परिक्षा बोर्ड

**Table of contents:**


| SN | Content | Page No. |
|---|---|---|
| 1. | Foreword | |
| 2. | Item format | |
| 3. | Multiple choice question | |
| 4. | Very short answer question | |
| 5. | Short answer question | |
| 6. | Long anwer question | |
| 7. | Cognitive Level of the Items | |
| 8. | Knowledge level items | |
| 9. | Understanding Level Items | |
| 10. | Application Level Items | |
| 11. | Higher Ability Level Items | |
| 12. | Cautions in classification of items | |
| 13. | Annexes | |
| 14. | References | |

# अध्याय १
# विज्ञान तथा प्रविधि

## परिचय

कक्षा कोठामा हुने शिक्षण सिकाइलाई पाठ्यक्रम तथा त्यसमा उल्लेखित सक्षमता र  सिकाइ उपलब्धिले निर्देशित गर्दछ भने विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिको मापनको आधार पाठ्यक्रमले तय गरेको सिकाइ उपलब्धि तथा विशिष्टीकरण तालिकाले निर्देशित गर्दछ । यसैले कक्षाकोठा शिक्षण सिकाइ एवम् सिकाइ उपलब्धिको परीक्षण तथा मूल्याङ्कनका लागि पाठ्यक्रम र त्यसमा उल्लेखित सिकाइ उपलब्धि तथा विशिष्टीकरण तालिका मूल श्रोतका रूपमा रहेका हुन्छन् । यस अध्यायमा प्रश्न निर्माण तथा प्रश्नपत्र तयारीका लागि मूलभूत रूपमा विचार पुऱ्याउनु पर्ने सैद्धान्तिक पक्षको संक्षिप्त रूपमा समीक्षा गरिएको छ ।

## परीक्षण तथा मूल्याङ्कन

विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धि प्रायः अङ्क वा ग्रेडका रूपमा मापन (Measurement) गरिएको हुन्छ । उक्त मापनको आधार परीक्षण हुन्छ । परीक्षण (Test) निर्माण पाठ्यक्रमभित्रका सम्भावित प्रश्नहरू, जुन असङ्ख्य मात्रामा हुन्छन्, तिनीहरूबाट प्रतिनिधित्व हुने गरी छानिएका प्रश्नहरूबाट गरिएको हुन्छ । यसरी सिकाइ उपलब्धिहरूको प्रतिनिधित्व हुने गरी निर्माण गरिएको परीक्षणबाट आएको विद्यार्थीको अङ्क वा ग्रेडको मूल्य निर्धारण गर्ने काम मूल्याङ्कन/लेखाजोखा (Evaluation/Assessment) बाट गरिन्छ जुन विद्यार्थीको सिकाइ उपलब्धिको प्रमाणिकरणको आधार हुन्छ । यसरी मापन, परीक्षण तथा मूल्याङ्कन विशिष्ट प्रक्रिया भएता पनि एक आपसमा सम्बन्धित प्रक्रिया भएकाले यी तीनवटा अवधारणाहरूलाई एक आपसमा अदला–बदली गरेर पनि प्रयोग गरिएको पाइन्छ ।

## प्रश्न निर्माणका आधारहरू

पाठ्यक्रममा आधारित परीक्षणले विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धिको स्तर मापन गर्ने भएकोले प्रश्न निर्माणको मूल आधार पाठ्यक्रम र यसमा तय गरिएका कक्षागत तथा विषयगत सिकाइ उपलब्धिहरू नै हुन्छन् । सिकाइ उपलब्धि विषयवस्तुसँग पनि सम्बन्धित हुने हुनाले सिकाइ उपलब्धिसँग सम्बन्धित हुन सक्ने विषयवस्तुको क्षेत्र र गहिराइ पाठ्यक्रम विकास केन्द्रले लागु गरेको पाठ्यपुस्तकमा के कति मात्रामा छ, त्यसलाई पनि आधार मान्नु पर्ने हुन्छ । पाठ्यक्रम, सिकाइ उपलब्धि, विशिष्टिकरण तालिकालाई प्रश्न निर्माणको मूख्य आधार मान्नुपर्दछ भने पाठ्यपुस्तकलाई मात्रै प्रश्न निर्माणका लागि मूल आधार मान्नु हुँदैन । यसो गऱ्यो भने मूख्य गरी पाठ्यक्रमले खोजेको र विशिष्टीकरण तालिकाले तय गरेको संज्ञानात्मक तह र त्यसको मात्रा सही ढङ्गले प्रश्नपत्रमा समावेश नहुने सम्भावना पनि हुन्छ ।
विशिष्टीकरण तालिकामा एउटा प्रश्नपत्रमा ओगट्नु पर्ने विषयवस्तु, संज्ञानात्मक तह, प्रश्नको प्रकार, प्रश्नको अङ्क तोकेको हुन्छ भने उक्त प्रश्नले परीक्षण गर्नुपर्ने सिकाइ उपलब्धि पाठ्यक्रममा समावेश हुन्छ । हरेक प्रश्नले स्पष्टरूपमा कुन सिकाइ उपलब्धि कति मात्रमा मापन गर्न खोजेको हो, त्यो कुरा प्रश्न निर्माण गर्नु अघि नै तय गरेको हुनुपर्दछ । यसैले प्रश्न निर्माण गर्नका लागि सिकाइ उपलब्धि अनुसार समावेश हुनुपर्ने संज्ञानात्मक तह, प्रश्नको प्रकार तथा प्रश्नको अङ्क समेत समावेश गरेर विशिष्टीकरण तालिकालाई प्रश्न निर्माणका लागि विस्तृतीकरण गरिन्छ । यसरी विस्तृतीकरण गर्दा यदि एउटा सिकाइ उपलब्धि २ वा २ भन्दा बढी विषयवस्तु समावेश गरिएका छन् भने ती विषयवस्तुलाई टुक्रयाएर विशिष्टीकरण तालिकालाई विस्तृतीकरण गरिन्छ । यसले गर्दा विशिष्टीकरण तालिकामा सिकाइ उपलब्धिका सङ्ख्या पाठ्यक्रममा भएका सङ्ख्या भन्दा धेरै हुनसक्दछन् । यसरी विस्तृतीकरण गरिएको विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गर्दा प्रश्नहरूको सम्भाव्य सङ्ख्या बृहत हुनजान्छ । (विस्तृतीकरण गरिएको विशिष्टीकरण तालिकाको नमुना विषयगत परिच्छेदमा छ ।)

सम्भाव्य प्रश्नहरूका आधारमा प्रश्नहरू निर्माण कार्य गरिन्छ । यी प्रश्नहरू निर्माण गर्दा प्रश्न निर्माताहरूलाई क्षेत्रगत अथवा परिच्छेद अथवा सिकाइ उपलब्धि अनुसार आवश्यक संज्ञानात्मक तह अनुसार विशिष्टीकरण तालिका विस्तृतीकरणको सेल कोड (सेल कोडको नमूना Annex मा दिइएको छ ) अनुसार प्रश्न निर्माण गर्न लगाउनु पर्दछ । त्यसमा पनि आवश्यक सङ्ख्याका प्रश्नहरू एकै पटक नगरिकन केही सङ्ख्यामा आलोपालो गरिकन निर्माण गर्नु पर्दछ जसले गर्दा आवश्यक गुणस्तरका प्रश्नहरू सुनिश्चित गर्न सकियोस् ।

## प्रश्नको गुणस्तर कायम गर्ने प्रक्रिया

प्रश्न निर्माताबाट आएका प्रश्नहरू आवश्यक गुणस्तरका छन् र ती प्रश्नहरू पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप छन् भन्ने सुनिश्चित गर्न दुईवटा प्रक्रियाहरू अपनाउन सकिन्छ ।
प्रश्न निर्माताले तयार पारेका प्रश्नहरू प्यानलिङ् र मोडेरेशन गरेर छनौट गर्ने, परिमार्जन गर्ने वा पूनर्लेखनका लागि पठाउने कार्य गरिन्छ । प्यानलिङ्का लागि सम्बन्धित कक्षा तथा विषय अध्यापनरत शिक्षक, मूल्याङ्कन विशेषज्ञ, विषय विशेषज्ञ र सम्भव भएका सम्बन्धित विषयका कर्मचारी समेतको करिब ५ जनाको टोलीबाट गरिन्छ । यस टोलीले उक्त प्रश्न पाठ्यक्रमको सिकाइ उपलब्धि तथा विशिष्टीकरण तालिकाले खोजे अनुसार भए/नभएको सुनिश्चित गर्ने, आवश्यकता अनुसार परिमार्जन गर्ने तथा पुनरावलोकनका लागि फिर्ता पठाउने कार्य गर्दछ ।
प्यानलिङ्बाट स्वीकृत भएका प्रश्नहरू तोकिएको प्रक्रिया र नियम अनुसार, जुन सम्बन्धित निकायले तय गरेको हुन्छ, मोडरेशन गरी मोडरेशन कमिटीबाट स्वीकृत गरिन्छ । ती स्वीकृत प्रश्नहरू थप प्रक्रिया अथवा उपयोगका लागि तयारी अवस्थामा राखिन्छ ।

## प्रश्न कार्ड (Item Card)

प्रश्न निर्माण कार्य छुट्टाछुट्टै प्रश्नहरू तर पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाले तोके बमोजिम हुने गरी, निर्माण गरिन्छ । यसका लागि तल दिए अनुसारका प्रश्न कार्ड प्रयोग गरिन्छ ।

**प्रश्न कार्ड नमुना**

**विज्ञान तथा प्रविधि**

1) Subject: Science and Technology

2) Item cell code: [ ]

3) Elaborated item code(For Mathematics and Science and Technology subject)

| Unit | LO | Cognitive skill | Format | Marks |
|---|---|---|---|---|
| | | | | |

4) Learning outcome (from curriculum):

………..………..................................………..……...........................................................

……..………..………..………..………..………..………..………..………..………..……….

5) Objective of the item (in line with learning outcome):

………..………................………..………..………..………..………..………..………..………..

………..………..………..………..………..………..………..………..………..………..

6) Item (Both in Nepali and English in case of S&T and Mathematics):

……..………..………..………..………..………..………..………..………..………..………..…

……..………..………..………..………..………..………..………..………..……….

7) Key answer/marking scheme (in English or Nepali only):

……..………..………..………..………..………..………..………..………..………..………..…

……..………..………..………..………..………..………..………..………..……….

**प्रश्नकार्ड भर्ने नमूना:**

Example of Item Card:

**Item No 1**

1) **Subject:** Science and Technology G 10
2) **Item cell code:** 1
3) **Elaborated item code:**

| **Area** | **Unit** | **LO** | **Cognitive skill** | **Format** | **Marks** |
|---|---|---|---|---|---|
| Scientific Study | 1 | 1.1 | 1 (Knowledge) | 2 (Short answer question) | 1 |

4) **Objective of the item (in line with the learning outcome):** To identify independent variable, dependent variable and controlled variable in scientific study

5) Item:
आश्रित चरको परिभाषा दिनुहोस् । Define controlled variable.

6) Key answer (marking scheme):
The variables which are kept constant throughout the experiment are called controlled variable. 1 mark

# अध्याय २

यस अध्यायमा पाठ्यक्रम तथा विशिष्टिकरण तालिकाले निर्धारण गरेको कक्षा ८ र १० को विज्ञान तथा प्रविधि, र कक्षा १२ को रसायनशास्त्र, भौतिक शास्त्र र जीव विज्ञानको प्रश्नपत्रमा राखिने विभिन्न प्रकारका प्रश्नहरु र ती प्रश्नहरुको अङ्कभारहरूको बारेमा चर्चा गरिनेछ ।

## २.१ प्रश्न ढाँचा (Item Format)

कक्षा ८ र १० को विज्ञान तथा प्रविधि विषयको विशिष्टिकरण तालिकाले प्रश्नहरूलाई बहुबैकल्पिक प्रश्न(MCQ), धेरै छोटो उत्तरआउने प्रश्न (VSAQ), छोटो उत्तर आउने प्रश्न (SAQ) र लामो उत्तर आउने प्रश्न (LAQ) मा वर्गीकरण गरेको छ। यी ढाँचाहरूको लागिछुट्याइएको अंकभार MCQतथा धेरै छोटो उत्तर आउने प्रत्येक प्रश्नको लागि २अङ्क, प्रत्येक छोटो उत्तर आउने प्रश्नका लागि २ अङ्क तथा लामो उत्तर आउने प्रश्नको लागि ४ अङ्क छुट्याइएको छ ।त्यसै गरि कक्षा १२ मा रसायनशास्त्र, भौतिक शास्त्र र जीव विज्ञानमा प्रश्नको ढाँचा अलिक फरक प्रकृतिको छ , जसमा बहुबैकल्पिक प्रश्नहरु (MCQ) चारओटा विकल्पसहितको हुन्छ र कुनै एउटा विकल्प सही हुनुपर्ने हुन्छ भने छोटो उत्तर आउने(SAQ)  प्रश्नहहरु रसायनशास्त्र र भौतिक शास्त्रमा ५ अङ्कको हुन्छ ।प्रत्येक लामो उत्तर आउने प्रश्नको लागि ८ अङ्क छुट्याइएको छ । तर जीव विज्ञानमा भने प्रत्येक छोटो प्रश्नको अङ्कभार ४ र लामो उत्तर आउने प्रश्न (LAQ) को अङ्कभार ८ हुन्छ । छोटो तथा लामो प्रश्नहरु निर्माण गर्दा एउटै वा विभिन्न अंशहरुमा उपप्रश्नहरु राखिन्छ । जसमा एउटा तत्वको लागि १ अङ्क निर्धारण गरि सोहि अनुसार अङ्क विभाजन गरि छोटो तथा लामो प्रश्नको पूर्ण प्रश्न निर्माण गरिन्छ । यसरी प्रश्न निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि तथा तहगत सक्षमतालाई ख्याल गर्नुपर्ने हुन्छ । अर्को खण्डमा सम्बन्धित प्रश्नको सन्दर्भमा प्रश्नढाँचाहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। कक्षा १० को विज्ञान तथा प्रविधि विषयको प्रश्न ढाँचा र तिनीहरूको अङ्कभार निम्न बमोजिम दिइएको छ ।

**कक्षा ८**

| Type of item | Score per item | Total item | Total score | Time |
|---|---|---|---|---|
| Multiple Choice Questions | 1 | 10 | 10 | 15 minutes |
| Very short Answer questions | 1 | 8 | 8 | 105 minutes |
| Short Answer Questions | 2 | 8 | 16 | |
| Long Answer Questions | 4 | 4 | 16 | |
| **Grand total** | | **40** | **50** | **2 hours** |

**कक्षा १०**

| Type of item | Score per item | Total item | Total score | Time |
|---|---|---|---|---|
| Multiple Choice Questions | 1 | 10 | 10 | 25 minutes |
| Very short Answer questions | 1 | 9 | 9 | 155 minutes |
| Short Answer Questions | 2 | 14 | 28 | |
| Long Answer Questions | 4 | 7 | 28 | |
| **Grand total** | | **40** | **75** | **3 hours** |

**कक्षा १२ (रसायनशास्त्र र भौतिक शास्त्र)**

| Type of item | Score per item | Total item | Total score | Time |
|---|---|---|---|---|
| Multiple Choice Questions | 1 | 11 | 11 | 25 minutes |
| Short Answer Questions | 5 | 8 | 40 | 155 minutes |

| | | | | |
|---|---|---|---|---|
| Long Answer Questions | 8 | 3 | 24 | |
| **Grand total** | | **22** | **75** | **3 hours** |

**कक्षा १२ (जीव विज्ञान)**

| **Type of item** | **Score per item** | **Total item** | **Total score** | **Time** |
|---|---|---|---|---|
| Multiple Choice Questions | 1 | 11 | 11 | 25 minutes |
| Short Answer Questions | 4 | 8 | 32 | 155 minutes |
| Long Answer Questions | 8 | 4 | 32 | |
| **Grand total** | | **23** | **75** | **3 hours** |

पाठ्यक्रम विकास केन्द्रले तहगत सक्षमता र सिकाई उपलब्धिको मापन हुने गरि निर्माण गरेको कक्षा ८ को विशिष्टिकरण तालिकानिम्न बमोजिम छ ।

**विशिष्टीकरण तालिका २०७८**

कक्षा : ८ — विषय : विज्ञान तथा प्रविधि

पूर्णाङ्क : ५० — समय : २ घण्टा

| क्र. स. | एकाइ | कार्य घण्टा | संज्ञानात्मक तह | | | | समूहगत अङ्कभार | एकाइगत अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान (२०%) | बोध (३०%) | प्रयोग (३०%) | उच्च दक्षता (२०%) | | |
| १. | वैज्ञानिक सिकाइ | १० | बहु वैकल्पिक प्रश्न (२×१) अति छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (१×२) लामा.प्रश्न (१×४) | बहु वैकल्पिक प्रश्न (३×१) अति छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (३×२) लामा.प्रश्न (१×४) | बहु वैकल्पिक प्रश्न (३×१) अति छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (३×२) लामा.प्रश्न (१×४) | बहु वैकल्पिक प्रश्न (२×१) अति छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (१×२) लामा.प्रश्न (१×४) | ९ | ३ |
| २. | सूचना तथा सञ्चार प्रविधि | ३० | | | | | | ६ |
| ३. | जीव र तिनीहरूको बनोट | १२ | | | | | १२ | ४ |
| ४. | जैविक विविधता र वातावरण | ८ | | | | | | ३ |
| ५ | जीवन प्रक्रिया | १५ | | | | | | ५ |
| ६. | बल र चाल | १५ | | | | | १८ | ५ |
| ७ | दैनिक जीवनमा शक्ति | २० | | | | | | ७ |
| ८ | विद्युत् र चुम्बक | १० | | | | | | ३ |
| ९ | पृथ्वी र अन्तरिक्ष | १० | | | | | | ३ |
| १० | पदार्थ | १५ | | | | | ११ | ६ |
| ११ | दैनिक जीवनमा प्रयोग हुने पदार्थहरू | १५ | | | | | | ५ |
| | जम्मा | १६० | १० | १५ | १५ | १० | ५० | ५० |
| | | | समग्र प्रश्न योजना | | | | | |
| | प्रश्नको प्रकार | प्रति प्रश्न अङ्कभार | प्रश्न सङ्ख्या | | | | जम्मा प्रश्न | जम्मा अङ्कभार |
| १ | बहुवैकल्पिक प्रश्न | १ अङ्क | २ | ३ | ३ | २ | १० | १० |
| २ | अति छोटा.प्रश्न | १ अङ्क | २ | २ | २ | २ | ८ | ८ |
| ३ | छोटा.प्रश्न | २ अङ्क | १ | ३ | ३ | १ | ८ | १६ |
| ४ | लामा.प्रश्न | ४ अङ्क | १ | १ | १ | १ | ४ | १६ |
| | कुल | | ६ | ९ | ९ | ६ | ३० | ५० |

कक्षा १०, कक्षा १२ को रसायनशास्त्र, भौतिक शास्त्र र जीव विज्ञानको विशिष्टिकरण तालिका यो पुस्तिकाको अन्त्यकोannexमा दिइएको छ। यसको विस्तृत जानकारीको लागि तलको लिङ्कमा जानुहोला ।
**https://moecdc.gov.np/en/specification-grid**

## २.२ बहुबैकल्पिक प्रश्न (MCQ)

बहुबैकल्पिक प्रश्न (MCQ)वस्तुगत प्रकारको प्रश्न हो, जसमो दिइएकाचारओटा विकल्पहरु मध्ये विद्यार्थीलकुनै एक विकल्प चयन गर्नेछन् । विज्ञान तथा प्रविधि विषयमाMCQको लागि ४ओटा बिकल्पहरु(alternatives)प्रयोग गरिन्छ

र तीमध्ये एउटा मुख्य उत्तर(key answer)हुनेछ।MCQ मा मुख्य उत्तर भनेको अङ्क उपलब्ध गराउने सही उत्तर हो।MCQमा ४ वा ५ भागहरू - स्टिमुलस, स्टेम, विकल्प वा alternative, डिस्ट्र्याक्टरहरू(distractors) र मुख्य उत्तर (key answer)रहेका हुन्छन् ।

### २.२.१ स्टिमुलस (Stimulus):

संज्ञानात्मक तहको आधारमा बहुबैकल्पिक प्रश्नहरू स्टिमुलससहित वा स्टिमुलसरहित पनि हुन सक्छन्। प्रश्न निर्माण गर्दासन्दर्भ(context/ situation) निर्माणको लागि स्टिमुलसको प्रयोग गरिन्छ। स्टिमुलस अनुच्छेद वा वाक्य वा तालिका वा रेखाचित्र वा ती मध्ये कुनै दुई वा बढी रूपमा पनि प्रयोगभएका हुन सक्छन् । यसरी प्रयोग गरिने सन्दर्भ (context/ situation)सर्वमान्य, व्यवहारिक तथा दैनिक जीवनसँग जोड्ने प्रकृतिको र विश्वसनीय पनि हुनुपर्छ । सन्दर्भमा दिइएका विषयवस्तु धेरै लामो हुनु हुँदैन र सबै सूचनाहरूमा प्रश्नको उत्तर लेख्न आवश्यक विषयबस्तु मात्र राखिनुपर्दछ । धेरै लामो विषयवस्तुले विद्यार्थीहरूलाई पढ्न लाग्ने समय मात्र बढाउँछ । जसले गर्दा प्रश्नपत्रमा भएका अन्य प्रश्नहरुको उत्तर लेख्ने समय अभाव हुन जान्छ ।

### २.२.२ स्टेम (Stem):

बहुबैकल्पिक प्रश्न(MCQ) मा स्टेम एक प्रमुख भाग हो । यसले समाधान गर्नको लागि प्रश्न वा समस्या प्रस्तुत गर्दछ । एउटा बहुबैकल्पिक प्रश्नमा स्टेम, पूर्ण प्रश्न वा पूर्ण वाक्य वा खाली ठाँऊ भर्ने वा क्लोज(cloze)को अंश जस्तै ग्याप-फिल, अनुच्छेद आदिको रुपमा हुन सक्छ । स्टेम जुनसुकै रुपमा भए तापनि त्यसले पर्याप्त जानकारी उपलब्ध गराउनु पर्छ जसले राम्रो तयारी गरेको विद्यार्थीले प्रश्नमा रहेका विकल्पहरूमा गएर सही जवाफ छनौट गर्न सकून् । प्रश्नपत्रमा सबै बहुबैकल्पिक प्रश्नहरूको स्टेम एउटै ढाँचाको हुनु पर्दछ । कक्षा ८ र १० मा MCQ को स्तरीकृत  परीक्षणमा स्टेमलाई प्रश्नको रूपमा प्रयोग गरिएको छ । यो कस्तो हुने वा प्रश्नमा स्टेम चिन्न वा पहिचानको लागि लागि तलको नमूना हेर्नुहोला ।

### २.२.३ विकल्पहरू (Options/Alternatives):

पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको पाठ्यक्रममा व्यवस्था भएबमोजिम तथा सोहि कार्यालयद्वारा जारी गरिएको नमूना प्रश्नपत्रमा बहुबैकल्पिक प्रश्नमा सम्भव भएसम्म सही वा उत्तम उत्तर छनौट गर्न सामान्यतया 4 ओटा विकल्पहरू प्रदान गरिन्छन् । राष्ट्रिय परीक्षा बोर्डले परीक्षा लिंदा पनि सोहि बमोजिम ४ ओटा बिकल्पहरु राखी प्रश्न निर्माण गर्ने गरिन्छ । विकल्पहरू समान शैली, बराबर लम्बाइ र पूर्ण वाक्यमा लेख्नुपर्छ । विकल्पहरू मध्ये एउटा मुख्य जवाफ (key answer) र अरू डिस्ट्र्याक्टरहरू(distractors) हुन्छन्। MCQ मा डिस्ट्र्याक्टरहरू(distractors) कम सक्षम विद्यार्थीहरूको लागि सही उत्तर लाग्ने किसिमको (plausible and attractive/ eye catching ) हुनुपर्छ, तर धेरै सक्षम विद्यार्थीहरूलाई भ्रमित पार्ने किसिमको हुनु हुँदैन । डिस्ट्र्याक्टरहरूले प्रश्नलाई अधिक सक्षम र कम सक्षम विद्यार्थीहरू बीचको भिन्नता छुट्याउन मद्दत गर्ने किसिमको हुनु पर्दछ। यसरी MCQ का विकल्पहरू (alternatives), मुख्य उत्तर (key answer) र डिस्ट्र्याक्टरहरू (distractors) दुबै रुपमा हुन्छन् ।डिस्ट्र्याक्टरहरू कुनै न कुनै रुपमा स्टिमुलससँग वा स्टेमसँग सम्बन्धित हुनुपर्दछ । अन्यथा अनुमानको आधारमा उत्तर  मिल्ने खालको हुन जान्छ र यस्ता प्रश्नले पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि हासिल गर्न सक्दैन । विकल्पहरू राख्दा अंग्रजी अल्फावेटको अनुक्रमको आधारमा मिलाएर राख्नुपर्दछ ।

#### २.२.३.१ डिस्ट्र्याक्टरहरू (distractors):

MCQ मा डिस्ट्र्याक्टरहरू (distractors) यस्ता विकल्प हुन् जसले कम सक्षम(lower performers) वा परीक्षाको लागि कम तयारी गरेका विद्यार्थीहरूलाई सही उत्तरको रूपमा सोच्न र सही उत्तरको रुपमा सोच्न र त्यसैलाई सही उत्तर मान्न आकर्षित गर्दछन् । डिस्ट्र्याक्टरहरू (distractors) उत्तरदाताको मष्तिस्कलाई यो हो कि त्यो हो भनेर सोच्न वाध्य पार्ने किसिमको हुनुपर्दछ । अनुमानको आधारमा सही विकल्प छान्ने खालका डिस्ट्र्याक्टरहरू राखेर प्रश्न निर्माण गर्नुहुँदैन ।

### २.२.३.२ मुख्य उत्तर (key answer):

MCQ मा सही उत्तरको रुपमा रहेको बिकल्प नैमुख्य उत्तर (Key answer) हो ।

### २.२.३.३ बहुबैकल्पिक प्रश्नमा प्रयोग हुने शब्दावलीहरु उदाहरणसहित देखाइएको छ ।

ITEM

STIMULUS

प्रयोगशालामा कुनै ग्यास उत्पादन गर्ने विधिको चित्र देखाइएको छ ।
A figure for the production of a gas in laboratory is shown below.




STEM

उक्त ग्यासको पहिचान गरि P, Qर R के के हुन सक्छ? सही विकल्प छान्नुहोस् । ?Identify the gas and what could be P, Q and R, choose the correct alternative?

A) P-ग्यास जार Gas jar, Q- RB फ्लास्क flask, R- KOH
B) Q-ग्यास जार Gas jar, R- RB फ्लास्क flask, R- KOH
C) R-ग्यास जार Gas jar, P- RB फ्लास्क flask, P- $Ca(OH)_2$
D) Q-ग्यास जार Gas jar, P- RB फ्लास्क flask, R- $Ca(OH)_2$

KEY ANSWI

DISTRACTORS

ALTERNATIVES

### २.३. उत्तर लेख्नुपर्ने (Constructed Response ) प्रश्नहरु:

विशिष्टिकरण तालिकामा उत्तर लेख्नुपर्ने प्रश्नहरुको लागि अङ्कभार प्रश्नको ढाँचामा आधारित 1, 2,4, 5 वा 8हुन सक्छन् ।कक्षा ८ र १० मा अति छोटो प्रश्नको अङ्कभार १ निर्धारण गरिएको छ भने कक्ष १२ मा अति छोटो प्रश्नहरूको व्यवस्था गरिएको छैन । छोटो प्रश्नको अङ्कभार कक्षा ८ र १० मा २ राखिएको छ भने कक्षा १२ मा छोटो प्रश्नको अङ्कभार जीव विज्ञानमा ४ अनि रसायनसशास्त्र र भौतिक शास्त्रमा ५ राखिएको छ । लामो उत्तर आउने प्रश्नहरू कक्षा ८ र १० मा ४ अङ्कको हुनेछ भने कक्षा १२ मा ८ अङ्कको हुनेछ । तर प्रत्येक प्रश्न मूल्याङ्कन ढाँचामा एक तत्वको लागि १ अङ्क प्रदान गर्ने किसिमको हुनु आवश्यक हुन्छ । एउटा तत्वलाई कुनै पनि अवस्थामा १ भन्दा बढी वा कम अङ्क प्रदान गरिने छैन । विज्ञान तथा प्रविधि विषयमा आँशिक अङ्क प्रदान गरिने छैन । प्रश्नको उत्तरलाई आवश्यक पर्ने प्रत्येक तत्वको लागि अङ्क प्रदान गर्दा हरेक तत्वको लागि ० वा १अङ्क दिनु पर्ने छ ।

### २.३.१ धेरै छोटो उत्तर प्रश्न (VSAQ)

VSAQ मा, विद्यार्थीहरूले एक शब्द वा वाक्यांश, वा अधिकतम एक वाक्यमा छोटोमा जवाफ दिने अपेक्षा गरिन्छ । VSAQ मा १ अङ्कको प्रश्नको जवाफको लागि १ तत्व मात्र समावेश गर्नुपर्दछ ।सोही आधारमा कक्षा ८ र कक्षा १० मा अति छोटो उत्तर आउने प्रश्नहरु सोधिन्छन् तर कक्षा १२ मा अति छोटो उत्तर आउने प्रश्नहरूविशिष्टिकरण तालिका तथा पाठ्यक्रमले व्यवस्था गरेको छैन ।

जस्तै:

कार्बन र अक्सिजन मिलेर बन्ने यौगिकको अणुसूत्र लेख्नुहोस् । [G10]

Marking Scheme: $CO_2$…………………… 1 mark

### २.३.२ छोटो उत्तर आउने प्रश्न (SAQ)

SAQ मा विद्यार्थीहरूले शब्द, वाक्यांश वा वाक्यमा जवाफको अपेक्षा गरिन्छ। SAQको जवाफमा कक्षा ८ र १० मा २अङ्कको लागि २ओटातत्वहरू समावेश हुनु पर्दछ भने कक्षा १२ मा सोधिने छोटो उत्तर आउने प्रश्नहरुको अङ्कभार रसायनशास्त्र र भौतिक शास्त्रमा ५ तथा जीव विज्ञानमा ४ हुने हुनाले अङ्कभार अनुसारको तत्वहरुको अपेक्षा सहित प्रश्न निर्माण गरिएको हुन्छ । प्रत्येक तत्व १ अङ्कको लागि निर्दिष्ट गरिएको हुन्छ । SAQ मा,कक्षा ८ र १० को विज्ञान तथा प्रविधिमा २ कक्षा १२ को जीव विज्ञानमा ४ तथा कक्षा १२ को रसायनशास्त्र र भौतिकाशास्त्रमा ५ भागमा पनि प्रश्नहरू हुन सक्छन् । यस्तो अवस्थामा प्रत्येक भागमा १अङ्कभारको एउटातत्व मात्र सही उत्तरको अपेक्षा गरेर प्रश्न निर्माण गरिन्छ ।

उदाहरणका लागि:
डि एन ए र आर एन ए बिच कुनै दुई फरक छुट्याउनुहोस् । Differentiate between DNA and RNA in any two points. [G10]

| DNA | RNA |
|---|---|
| 1. It transfers genetic information from generation to generation. | 1. It helps in protein synthesis |
| 2. It has double hellicle structure | 2. It has single stranded structure |
| 3. It consists de-oxyribose sugare in nucleic acid | 3. It consists ribose sugar in nucleic acid |
| 4. Nitrogen bases are Adenine, Thymine, Guanine, Cytocine | 4. Nitrogen bases are Adenine, Uracil, Guanine, Cytocine |

यी मध्ये कुनै दुई सही फरकहरूलाई १/१ अङ्कको दरले अधिकतम २ अङ्क प्रदान गरिनेछ र यो भन्दा अन्य सही फरक छुट्याएको उत्तरलाई पनि अङ्क प्रदान गरिनेछ ।
कक्षा ८ र १२ को छोटो प्रश्न बनाउँदा पनि यहि प्रश्नलाई आधार मानि बनाउनुपर्दछ ।

### २.३.३ लामो उत्तर आउने प्रश्न (LAQ)

LAQ मा वाक्य वा बुँदा वा अनुच्छेद वा हिसाब गर्नुपर्ने प्रश्नहरूमा विभिन्न चरणहरूमा जवाफको अपेक्षा गरिएको हुन्छ । LAQ मा पनि स्पष्ट रूपमा चिन्न सकिने तत्वहरू हुनुपर्दछ जसमा प्रत्येक तत्व १अङ्कभारको हुन्छ । कक्षा ८ र १० मा कुल ४ओटा तत्वहरूसहित यस्ता प्रश्न ४अङ्कको बनाउनु पर्दछभने कक्षा १२ मा एउटै प्रश्नलाई विभिन्न खण्ड (a. , b., c. …..) मा विभाजन गरि वा विभिन्न चरणहरुको आधारमा ८ अङ्को प्रश्न निर्माण गर्नुपर्दछ ।LAQ मा, 1 देखि विभिन्न8भागमा पनि प्रश्न हुन सक्छन् । कुनै पनि अवस्थामा LAQ मा कुल 4 वा 8 अङ्कभार भएको अवस्थामा 4 वा 8 ओटातत्वहरू वा चरणहरू आदि हुनै पर्छ ।
प्रश्नहरूको ढाँचालाई तिनीहरूको संज्ञानात्मक स्तरको साथमा आउने खण्डमा नमुना प्रश्नहरू मार्फत उदाहरणहरु दिइएको छ ।
उदाहरणका लागि:
Write any one example of each of the followings by taking the compound which gives positive iodoform test. [$G_{12}$,Chem]

a. Tollen’s test
b. Clemmenson’s reduction reaction
c. Fehlings test

Write any two requirements of iodoform test.

**Markning scheme**

a. $[Ag(NH_3)_2]OH + CH_3CHO \longrightarrow CH_3COOH + Ag\downarrow + NH_3 + H_2O$ [1 mark]
b. $CH_3COCH_3 + 4[H] \xrightarrow{Zn-Hg/conc.HCl} CH_3CH_2CH_3 + H_2O$ [1 mark]
c. $CH_3CHO + Cu^{++} + 2OH^- \xrightarrow{Boil\ in\ hot\ water\ bath} CH_3COOH + Cu_2O\downarrow + H_2O$
Brick red

Any two requirements for iodoform test

a. The compound should have a methyl group in one side, next to the functional group in either of aldehyde, ketone alcohol.
b. Alkali solution NaOH or KOH
c. Iodine
d. Heat (boil in hot water bath)

1 mark of each correct requirement, maximum 2 marks.

## २.४ टेस्ट मेट्रिक्स (Test matrix)

प्रश्नपत्र निर्माण गर्दा एकाइगत रुपमा पाठ्याघण्टाको आधारमा कति अङ्क राख्ने, कुन संज्ञानात्मक तहको राख्ने भन्ने योजनाका लागि तयार पारिएको तालिका नै **Test matrix** हो । पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टिकरण तालिकासँगैको नमूना टेस्ट मेट्रिक्सहरूको आधारमा कक्षा ८, १० र १२ का टेस्ट मेट्रिक्सहरू तयार गरिन्छ । उक्त तालिकामा तोकेको विषय क्षेत्र, क्षेत्रगत अङ्कभार तथा संज्ञानात्मक तहको अङ्कभार फरक नपर्ने गरि अन्य फरक फरक टेस्ट मेट्रिक्स तयार गरि प्रश्नपत्र योजना निर्माण गर्न सकिन्छ । कक्षा १० को एउटा नमूना तल प्रस्तुत गरिएको छ ।

नमूना टेस्ट मेट्रिक्स(Model Test matrix)

**विज्ञान तथा प्रविधि कक्षा १०**

| SN | Units | Teaching Hours | Conginitive Area | | | | Group-wise marks | Unit-wise marks |
|---|---|---|---|---|---|---|---|---|
| | | | K (15%) | U (30%) | A (30%) | HA (25%) | | |
| 1. | Scientific Study | 5 | MCQ | | SQ | | | **3** |
| 13. | Information and communication technology | 10 | SAQ | VSAQ | MCQ | VSAQ | **8** | **5** |
| 2. | Classification of living beings | 9 | | | LAQ | | | **4** |
| 3. | Life cycle (Honey bee) | 4 | | VSAQ | | MCQ | | **2** |
| 4. | Heredity | 16 | SAQ | LAQ | SAQ | | | **8** |
| 5. | Human body structure and life process | 12 | LAQ | SAQ | | | **23** | **6** |
| 6. | Nature and Environment | 7 | MCQ | | | SQA | | **3** |
| 7. | Force and motion | 10 | VSAQ | | | LAQ | | **5** |
| 8. | Pressure | 5 | | VSAQ | MCQ | | | **2** |
| 9. | Heat Energy | 10 | | MCQ | VSAQ | SAQ | | **4** |
| 10. | Wave | 15 | VSAQ | LAQ | SAQ | | | **7** |
| 11. | Electricity and magnetism | 12 | | MCQ | LAQ | | **25** | **5** |
| 12. | Universe | 5 | | | SAQ | | | **2** |
| 14. | Classification of elements | 9 | | | | LAQ | | **4** |
| 15. | Chemical reactions | 6 | | VSAQ | SAQ | | | **3** |
| 16. | Gases | 8 | | MCQ | VSAQ | SAQ | | **4** |
| 17. | Metals | 5 | | SAQ | | | | **2** |
| 18. | Hydrocarbons and their compounds | 6 | | MCQ | | SAQ | **19** | **3** |
| 19. | Chemicals used in daily life | 6 | | SAQ | | MCQ | | **3** |
| | **Total** | **160** | **12** | **22** | **22** | **19** | **75** | **75** |

कक्षा ८ र कक्षा १२ को मेट्रिक्सको नमूनाको लागि निम्न लिङ्कमा जानुहोला ।

[https://moecdc.gov.np/en/specification-grid](https://moecdc.gov.np/en/specification-grid)

## २.५ प्रश्नहरूको संज्ञानात्मक स्तर(Cognitive Level of the Items)

विज्ञान र प्रविधिको पाठ्यक्रम अनुसार विशिष्टिकरण तालिकाले संज्ञानात्मक प्रक्रियाका विभिन्न ४ओटा स्तरहरू उल्लेख गरेकोछ । जसलाई कक्षामा शिक्षण सिकाइको क्रममा तथा मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु आवश्यक हुन्छ। यि संज्ञानात्मक तहहरुलाई ज्ञान (Knowledge or remember), बोध(Understanding or comprehension), प्रयोग (Application) र उच्च क्षमता (Higher Ability) मा वर्गिकरण गरिएको छ। Higher Abilityका प्रश्नहरुमा मुख्यरुपले व्यवहारिक सन्दर्भमा ब्लूमको वर्गीकरणको विश्लेषण (analysis), मूल्याङ्कन (Evaluation ), र सृजना (creation) लाई समावेश गरिन्छ। यी संज्ञानात्मक स्तरहरू यस खण्डमा नमुना प्रश्नहरूसँग संक्षिप्त रूपमा वर्णन गरिएका छन्। प्रश्नहरूको विवरणमा निम्न पक्षहरू समावेश गरिएका छन्।

- बिषयबस्तु कभरेज - एकाइ, सिकाइ उपलब्धि
- प्रश्नको उद्देश्य (सिकाई उपलब्धिअनुरूप)
- प्रश्न ढाँचाको विवरण
- प्रश्नले मूल्याङ्कन गर्ने संज्ञानात्मक तहको विवरण

### २.५.१ ज्ञान तह (Knowledge Level)

ज्ञान तह, ब्लूमको वर्गीकरणमा संज्ञानात्मक तह/क्षेत्रको सबैभन्दा तल्लो तहको सिकाइको चरण हो। ज्ञान तहको प्रश्नको उत्तर कक्षाकोठामा पढेको वा कक्षाकोठामा लेखाएको उत्तर सम्झेर वा स्मरण गरेर वा घोकेर उत्तर दिन मिल्ने प्रश्न हुन्छन्। यसरी उत्तर दिंदा स्मरण गरेर उत्तर । यसमा मुख्यतया विषयवस्तुलाई घोकेर सिक्नुपर्ने आवश्यकता हुन्छ। यस तहको सिकाइ उपलब्धि परीक्षणको लागि निर्मित प्रश्नहरूले सिकेका सामग्री सम्झने कुरामा जोड दिन्छ। त्यस्तै सिकाइ परिस्थितिको जस्तै अवस्था प्रदान गर्दछ ताकि विद्यार्थीहरूले त्यसको उत्तर सम्झेर दिन सकून्। उदाहरण को लागि,

- पाठसामग्रीमा रहेका बिषयगत शब्दावली,
- विशिष्ट तथ्यहरू जस्तै नाम, मिति, संख्या, सूत्र, एकाइहरू, सङ्केतहरू, पाठ्यसामग्रीको भागहरू आदिको पहिचान,
- सहजताको ज्ञान तथा वैज्ञानिक मान्यताको साथै अन्य मान्यताहरू जस्तै चार ओटा दिशा (EWNS) वा "विभाजन प्रतिकिया" जस्ता विशेष अर्थ भएका शब्दहरूको ज्ञान,
- प्रवृति र घटनाहरूको क्रम, कुनै कुरा कसरी हुन्छन् वा तिनीहरू एउटा समयावधिमा कसरी भएका थिए भन्ने कुराको ज्ञान जस्तै जीवन चक्र
- वर्गीकरण र वर्गहरू जस्तै जीवविज्ञानमा वर्गीकरण प्रणालीको ज्ञान
- मापदण्डको ज्ञान जसको माध्यमबाट वैज्ञानिक नियम, विचार, व्यवहार, आदिलाई पुष्टि गरिन्छ। यो प्राय: 'कसरी' सँग सम्बन्धित हुन्छ।
- अनुसन्धानको विशिष्ट क्षेत्रमा पद्धतिको ज्ञान (लागू गर्न वा प्रयोग गर्न लायक छ वा छैन) जस्तै जीवाश्मको आयु निर्धारण
- सिद्धान्त वा नियमले के भन्छ वा सिद्धान्त के हो भनेर सम्झन (लागू गर्ने कुरामा् जोड दिइँदैन)

*(Hedges, 1966; Harper and Harper, 1990)*

ज्ञान आधारभूत संज्ञानात्मक तह हो र यसले विशिष्ट, बिशेष अँशको जानकारीलाई बुझाउँछ। ज्ञानतहलाई सरल माध्यमबाट मूल्याङ्कन गर्न सकिन्छ, उदाहरणका लागि, बहुबैकल्पिक वा छोटो-उत्तर आउने प्रश्नहरू जसबाट सिकेका कुराहरु सम्झने वा प्राप्त जानकारीहरुको पहिचानको परिक्षण गर्न सकिन्छ। त्यस्ता प्रश्नहरू के, कहिले र कहाँ को उत्तरसँग सम्बन्धित हुन्छन्। यस्ता प्रश्नहरुमा परिभाषा दिन (define),लेख्न (write), उल्लेख गर्न (mention) आदि कियापदहरुको प्रयोग गरिएको हुन्छ।

[2]ब्लुमको रिमार्जित वर्गीकरणमा संज्ञानात्मक तहका नामहरू remembering, understanding, applying, analyzing, evaluating र creating दिइएको छ।
http://technologyforlearners.com/applying-blooms-taxonomy-to-the-classroom/blooms/"माहेर्नुहोस्।

**Coverage of the item#**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 10 | 01 | 1.2 | MCQ | K | 1 |

**Learning outcome:** Differentiate between fundamental units and derived units.

Item:

तलका मध्ये आधारभूत एकाइ कुन हो ?Which of the following is Fundamental unit?

(A) न्युटन (Newton)

(B) किलोग्राम (Kilogram)

(C) पास्कल (Pascal)

(D) जुल (Joule)

**Answer key:**

(B) किलोग्राम (Kilogram)

**Description of question:**

यो प्रश्नमा सिकारूले प्रश्नमा दिएका चारवटा विकल्पबाट एउटा सहि उत्तर छानेर लेख्नुपर्ने हुन्छ, त्यसैले यो बहुवैकल्पिक (MCQ) प्रश्न हो । सिकारूहरूले पढेको वा घोकेको, पुनःस्मरण गरेर यस प्रश्नको उत्तर दिन सक्ने हुनाले यो ज्ञान तह (Knowledge Level) को प्रश्न हो ।

**Coverage of the item:**

| Grade | Unit | Learning outcome | Format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 12 | 12 | 12.2 | MCQ | K | 1 |

**Learning Outcome**: Show the preparation of aliphatic and aromatic ethers from Williamson's synthesis.

**Item:**

What would be the product X in the following reaction sequence?

[K, $G_{12}$,CHEM,$U_{12}$ ]

$$CH_3CH_2Cl + NaOCH_2CH_3 \xrightarrow{Dry\ ether/heat} X + NaCl$$

A. Ethyl ethanoate
B. Methoxy ethane
C. Ethoxyethane
D. Butyl chloride

Key Answer: C. Ethoxyethane

**Description:**

This item is knowledge level item since the problem given in this item can be solved by rote learning. The condition is clearly taught in classroom. Moreover, the curriculum has focused on the ethers having carbon number 2. The correct answer is related with same carbon number.

कक्षा ८ र कक्षा १२ को ज्ञान तहको बहुबैकल्पिक प्रश्न निर्माण गर्दा यहि प्रश्नको आधारमा गरिन्छ साथै उत्तर लेख्ने प्रश्नको लागि पनि परिभाषा दिने, पहिचान गर्ने, किताबमै भएको कुरा हुबहु स्मरण गरि लेख्न मिल्ने प्रकारका प्रश्नहरू सोधिन्छ ।

## बोध तह (Understanding level)

सिकाइ क्षमताको ज्ञान तह भन्दा एक सिंढी माथिको सिकाइ भएको मानिने तह बोध तह हो । बोध तहको स्तरमा विद्यार्थीले निश्चित तथ्यहरू जान्ने, तिनिहरुलाई आफ्नो दिमागमा सँगठित गर्ने र बुझाइलाई प्रमाणित गर्न ज्ञानलाई परिचालन गर्ने अपेक्षा गरिन्छ । बोध तहमा विद्यार्थीहरूलाई बुझाइको आधारमा अनुवाद, व्याख्या, वा सुचनाहरुको सँक्षिप्तिकरण गर्न  आवश्यक पर्दछ । उदाहरणको लागि,

- निश्चित शब्दावली, परिभाषा, प्राविधिक शब्दावली र सम्बन्धलाइ आफ्नै शब्दमा पुनर्लेखन गर्ने
- पाठ्यपुस्तकमा सिकेका कुराहरू बाहेकका उदाहरण दिने
- रेखाचित्र, तस्विर, तालिका वा ग्राफ, प्रतीक (शब्दलाई प्रतीक वा प्रतीकलाई शब्द) मा रहेका सम्बन्धको व्याख्या गर्ने,
- सम्मिलित विचारहरू पहिचान गर्ने र तिनीहरूको सम्बन्धलाई बुझ्ने (जसलाई व्याख्याको रूपमा व्यक्त गरिएको छ)
- अनुच्छेद, तालिका, ग्राफ, इत्यादिमा उल्लेख गरिएको कुराहरुको प्रयोग थाहा पाउने वा पहिचान गर्ने, जस्तै ग्राफमा रहेका सुचनाहरुको सँक्षिप्तिकरण गर्ने, छुटेको जानकारी/तथ्याङ्क भर्नको लागि डेटाको व्याख्या गर्ने, आदि ।
- यस तहका प्रश्नहरूको निर्माण गर्दा, तुलना गर्न (comparison), चित्रण गर्न (illustration) ,आफ्नै शब्दमा लेख्न (write in own words), त्रुटि पत्ता लगाउन (identification of error), व्याख्या गर्न

(interpretation /explanation), वर्गीकरण गर्न (classification), भिन्नता छुट्याउन (differentiation), जानेका सुचनाहरुको संक्षिप्तिकरण गर्न (extrapolation), सम्बन्ध स्थापित गर्न (establishment of relation/association), आदि जस्ता क्रियापदहरु प्रयोग गरिन्छन् ।

**Coverage of the item:**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 8 | 01 | 1.1 | MCQ | U | 1 |

**Learning Objective:** 1.1 Introduce and follow the scientific learning process.

**Objective of the item <u>(in line with learning outcome)</u>:** To follow the precaution that should be taken in laboratory during experimentation.

**Item:** मिरा प्रयोगशालामा प्रयोग गर्दै थिइन् । भूलवश उनीले सोडियम हाइड्रोक्साइड छुन पुगिन र हातमा पोलेको अनुभव भयो । त्यसबाट राहत पाउन तिनले केले हात धुनु पर्छ ?Mira was doing an experiment in laboratory. She touched sodium hydroxide pallets mistakenly and felt burning in hands. What should she use to washwith her hands for relief? (1 mark)

A) साबुनपानी soap water
B) कागतीपानी lemon water.
C) चुनपानी limewater.
D) हाइड्रोक्लोरिक अम्ल hydrochloric acid.

**Key answer:** B) कागतीपानी lemon water. (1 mark)

**Description of the item**

**Format:** MCQ carrying 1 mark for one correct element.

**Cognitive level:** Students are required to interrelate each of the given substances and identify by the understanding of the properties of acids and bases to find that which one of the distractors neutralizes sodium hydroxide or base.

**Coverage of the item:**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 8 | 05 | | VSQ | U | 1 |

Learning Outcome:

**Item**:




फूलहरूमा लैङ्गिक प्रजनन्को एउटा चरण चित्रमा देखाइएको छ। चित्रमा देखाइएको प्रक्रिया कुन हो ? The figure alongside shows a step in the sexual reproduction of flowering plants. Which process is illustrated in the figure?

**Marking Scheme**

1 mark for a correct response

Pollination/cross pollination

Or

The transfer of pollen grains from one flower to the stigma of another flower

**Description:**

यो प्रश्नमा चित्रमा दिइएको सूचनाको आधारमा बिरुवाको प्रजनन् सम्बन्धि विभिन्न प्रक्रियाहरु हुन्छन्। तीमध्ये चित्रले कुनचाहिँ प्रक्रिया देखाएको छ ? चिनेर उत्तर दिनुपर्ने छ। त्यसकारण यो बोध तहको प्रश्नमा राखिएको छ। यस प्रकारको प्रश्नले चित्र र विरुवको प्रजनन् सम्बन्धि बुझाईको मापन गर्दछ। यसमा एउटा मात्र बुँदा वा शब्दमा उत्तरको अपेक्षा गरिएको छ र यो १ अङ्कको लागि उपयुक्त मानिएको छ।

**Coverage of the item:**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 10 | 10 | 10.3 | SAQ | U | 2 |

**Learning outcome:**

Demonstrate the process of dispersion of light and identify the application of it in daily life.

**Item :**

एक विज्ञान शिक्षकले त्रिभुजाकार काँचको प्रिज्मलाई सूर्यको प्रकाशमा राख्दा सेतो पर्दामा सातवटा रंगको पट्टी देखिए। यो आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस्।

A science teacher placed a triangular glass prism in sunlight and observed a band of seven colors on a white screen. Based on this observation, answer the following:

a) यो गतिविधिमा देखिएको प्रक्रिया के हो?Name the process demonstrated in this activity. (1 mark)

b) यस प्रक्रियाको कुनै एउटा दैनिक जीवनमा प्रयोग उल्लेख गर्नुहोस्।Mention one real-life application of this process. (1 mark)

**Marking Scheme:**

a) Dispersion of light — 1 mark

b) Any one of the following or any other correct response carries — 1 mark

- Formation of the rainbow in the sky
- Color separation in optical instruments
- Artistic lighting or color projection systems

**Description of question:**

यो सन्दर्भमा आधारित संक्षिप्त उत्तर दिने प्रश्न हो । यसलाई दुई खण्डमा विभाजन गरिएको छ । प्रत्येक खण्डको एक एक नम्बर उल्लेख गरिएको छ । जम्मा दुई नम्बरको प्रश्न हुनाले यो छोटो उत्तर दिने (SAQ) प्रश्न हो । यसमा पहिलो प्रश्नले सिद्धान्त बुझ्न र अर्कोले दैनिक जीवनमा प्रयोग जोड्न मद्दत गर्छ । कक्षा वा दैनिक जीवनको अनुभवसँग सम्बन्धित छ । यस प्रश्नले विद्यार्थीलाई कक्षामा देखाइएको प्रयोगसँग सम्बन्धित वैज्ञानिक प्रक्रिया चिनाउन, सो प्रक्रिया दैनिक जीवनमा कहाँ प्रयोग हुन्छ भन्ने बुझ्न प्रेरित गर्छ । यस प्रश्नमा अवलोकन, ज्ञानको स्थानान्तरण र वैज्ञानिक सोचको प्रयोग हुने हुनाले यो बुझाइ वा बोध तहको(Understanding level) प्रश्न हो ।

**Coverage of the item (Physics):**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 12 | 16 | 16.6 | SAQ | U | 5 |

**Learning outcome :** Describe moving coil galvanometer and know its applications

**Item:**




a. Identify the device shown in the given figure. (1 mark)

b. What happens if the hair spring is removed from the device? (1 mark)

c. Radial magnetic field is used in such device, why?(1 mark)

d. Can we increase the current sensitivity of such device by increasing the number of turns? Explain. (2 marks)

**Marking Scheme**

a. The device is moving coil galvanometer. 1 mark
b. If the hair spring is removed, the coil continue to oscillate without having restoring torque so the deflection will not be stable. 1 mark
c. Radial magnetic field is used to produce steady torque on the coil resulting linear scale on the galvanometre. 1 mark
d. Current sensivity is given by the relation,
   (ϴ/I) = BNA/K 1 mark
   From this relation it is clear that sensitivity is directly propotional to the number of turns so we can increase current sensitivity. 1 mark

**Description of the item**

This item is understanding level item because to solve this item identification of figure, explaination of appropriate relations is essential. In part (a) identification of the device is essential. In part (b) reexplaination of the function of hair spring is essential. In part (c) explaination of advantage of radial field is essential. In part (d) description of factors affecting current sensitivity is essential.

**Coverage of the item:**

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 8 | | 8.4 | MCQ | 3 | 1 |

Learning outcome:

Introducing geo -magnetism and भूचुम्बकको परिचय दिई चुम्बकको सहायताले दिशा निर्धारण गर्ने

**2.** रीना वनमा यात्रा गर्दा दिशा पत्तालगाउन चाहन्छिन् । उनले एउटा बारचुम्बक लिएर त्यसलाई डोरीमा बाँधेर स्वतन्त्र रुपमा झुण्ड्याइन । केहीबेरपछि, चुम्बक एउटा निश्चित दिशामा फर्किन्छ । रीनाले कुन चुम्बकीय गुण प्रयोग गरिकीछिन् ? **Rina wants to find the direction while hiking in a forest. She takes a bar magnet, ties it to a string, and hangs it**

**freely. After a few moments, the magnet aligns itself in a particular direction.Which property of the magnet is Rina using to find her direction?**

A. चुम्बकले सबैधातुहरूलाई तान्छ Magnets attract all metals

B. स्वतन्त्ररुपमा झुण्ड्याइएको चुम्बक सधैं उत्तर–दक्षिण दिशातिर फर्किन्छ A magnet always points in the north-south direction when suspended freely

C. समान ध्रुब भएका चुम्कहरू एक आपसमा तानिन्छन् Like poles of a magnet attract each other

D. चुम्बकततातउँदा त्यसको चुम्बकीय शक्ति बढ्छ Heating a magnet increases its magnetic strength

**Correct Answer:**

**B. A magnet always points in the north-south direction when suspended freely**

**Analysis of question:**

विद्यार्थीलाई वास्तविक संसारको समस्या पैदल यात्रा गर्दा दिशा खोज्ने प्रस्तुत गरिएको छ । उनीहरूले प्रयोग भइरहेको गुण पहिचान गर्न चुम्बकत्वको आफ्नो कक्षा कोठामा हासिल गरेको वैचारिक बुझाइको प्रदर्शन गर्नुपर्छ । यसले कक्षा कोठाबाट व्यावहारिक ज्ञानको स्थानान्तरणलाई बढ्वा दिन्छ । त्यसैले यो प्रयोगस्तरको प्रश्न हो ।

**Coverage of the item(Chemistry)**:

| Grade | Unit | Learning outcome | format | Cognitive level | Marks |
|---|---|---|---|---|---|
| 12 | 11 | 11.5 & 11.6 | SAQ | U | 5 |

**Learning outcomes:**

11.5: Explain the chemical properties of phenol

11.6: Describe the test of phenol

Identify the M, N, O, P and Q in from the information given in the following table.

| **Reactants** | **Condition** | **Products(Major)** |
|---|---|---|
| ...........(M) | $FeCl_3$ | $[Fe(O\text{-}C_6H_5)_6]^{3+}$ |
| $C_6H_5OH$ | $CHCl_3$+aq.NaOH/heat | ………………(N) |
| Phenol | …………(O) | Picric Acid(2,4,6-trinitrophenol) |
| ……………..(P) | Alkaline medium | p-hydroxydiazobenzene |
| $2C_6H_5OH$ +  | Conc. $H_2SO_4$/heat | …………(Q) |

**Marking Scheme:**

M= Phenol ($C_6H_5OH$) 1 mark
N= Salicyaldehyde 1 mark
O= Conc. $HNO_3$ and heat 1 mark
P= benzenediazonium chloride 1 mark
Q= phenolphthalein 1 mark

**Description of the item:**

यो बोध तहको प्रश्न हो । कक्षाकोठामा सिकेको रासायनिक समीकरणको आधारमा दिइएको सन्दर्भको आधारमा प्रतिक्रियारत पदार्थ, रासायनिक प्रतिक्रियाको लागि अवस्था र उत्पादित पदार्थहरू पहिचान मात्र गरे पुग्ने हुनाले यो प्रश्नलाई बोध तहको प्रश्नमा राखिएको हो ।

**<u>प्रयोग तह (Application level)</u>**

प्रयोग तहका प्रश्नहरुमा विद्यार्थीले पहिले सामना गरेको भन्दा नयाँ वा फरक परिस्थितिमा आफुले प्राप्त गरेको ज्ञान र सिपको प्रयोग गर्दछन् । यसका लागि सामान्य नियम, विधि, अवधारणा, सिद्धान्त र प्रक्रियाको प्रयोग **नयाँ परिस्थिति (New situation)** मा गर्नुपर्ने हुन्छ । प्रचलित प्रश्नमा जस्तै परिमाण वा सँकेतहरूको परिवर्तन गर्दैमा, नयाँ नामहरू थप्दैमा वा प्रश्न ढाँचामा परिवर्तन गर्दैमा यस तहका प्रश्नहरुको निर्माण हुँदैन । प्रयोग तहमा नयाँ प्रश्न वा यस्ता प्रश्न जसको लागि कुनै पूर्ण समाधानको (पहिले सिकाइएको/सिकिएको छैन), अपेक्षा गरिएको छ, तर यसलाई समाधान गर्ने तरिकाको अंश सिकाइएको हुन सक्छ । उदाहरणका लागि, जब विद्यार्थीलाई निश्चित सूत्र प्रयोग गर्न भनिन्छ र समस्या समाधान गर्न भनिन्छ र विद्यार्थीहरूलाई पूर्वपरिचित अवस्था प्रदान गरिन्छ भने यस अवस्थामा यो प्रश्न केवल बोध तहको मात्र हुनेछ । यदि समस्या समाधान गर्न विद्यार्थीले उपयुक्त सूत्र पहिचान गर्दछ र यसलाई प्रयोग गर्दछ भने उक्त प्रश्न प्रयोगतहमा पर्दछ ।

- प्रयोग तह भनेको सामान्य विचार, प्रक्रियाका नियमहरू वा सामान्यीकृत विधिहरूको अवधारणालाई विशेष र मुर्त परिस्थितिमा गरिने प्रयोग हो । यस्ता अवधारणाहरु प्राविधिका सामान्य सिद्धान्त तथा विचारको रुपमा पनि हुन सक्छन् ।
- सामान्यतया, प्रयोग तहकाप्रश्नमा समस्या "Problem"(P) समावेश हुन्छ, जसको लागि विद्यार्थीले प्रयोग गर्नको लागि सही समान्यीकरण 'Generalization' (G) को चयन गर्नु पर्ने हुन्छ । यस चयनको आधारमा सही प्रक्रिया वा विधि "method or Process' (M) लागू गरीउक्त समस्याको समाधान 'Solution' (S) मा पुगिन्छ ।प्रयोग तहकाप्रत्येक प्रश्नमायी चारओटै तत्वहरु(PGMS) हुनै पर्ने छैन तर प्रयोग तहका प्रश्नहरूमा यी तत्वहरू मध्ये २ ओटा अँशमात्र पनि समावेश भएका हुन सक्छन ॥
- विद्यार्थीहरूले प्रयोग तहका प्रश्नहरूको उत्तर दिनको लागि आफूले सिकेका ज्ञान र सिपलाई पुनः व्यवस्थित गरी समस्या समाधान गर्नु पर्ने हुन्छ ।
